**डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेड**

**नारायणगढ, चितवन**

लेखा परीक्षण नभएको वित्तीय नतिजा

आर्थिक वर्ष २०७२।०७३ को तेस्रो त्रैमासमा

| क्र.स. | पूंजी तथा दायित्व | यस त्रैमास २०७२ चैत्र | गत त्रैमास २०७२ पौष | गत आ.व. २०७१ चैत्र |
|---|---|---|---|---|
| १ | कूल पूंजी तथा दायित्व | ४,२१८,९९७,९३९।६० | ३,८८३,३०१,०७९।०८ | २,८८४,६९३,१४३।८६ |
| १.१ | चुक्ता पूंजी | २५७,९२३,८४५।०० | २५७,९२३,८४५।०० | १७१,९४९,२३०।०० |
| १.२ | जगेडा तथा कोषहरू | २९१,१४५,४०५।८६ | २२७,२५२,६१९।८५ | २०५,७८३,७६८।४४ |
| १.३ | ऋणपत्र तथा बण्ड | - | - | - |
| १.४ | सापटी | २,४७५,६५३,७८८।०९ | २,३०५,९३९,६९४।४५ | १,६२१,४२४,४६१।८८ |
| १.५ | निक्षेप दायित्व | *१,०५९,३०९,३३५।००* | *९७८,७१६,२८४।००* | *७६०,५९८,२३७।००* |
| १.५.१ | समुहगत | १,०५९,३०९,३३५।०० | ९७८,७१६,२८४।०० | ७६०,५९८,२३७।०० |
| १.५.२ | सर्वसाधारण | - | - | - |
| १.६ | आयकर दायित्व | - | - | ५,०५०,९३२।९० |
| १.७ | अन्य दायित्व | १३४,९६५,५६५।६५ | ११३,४६८,६३५।७८ | ११९,८८६,५१३।६४ |
| २. | कूल सम्पत्ति | ४,२१८,९९७,९३९।६० | ३,८८३,३०१,०७९।०८ | २,८८४,६९३,१४३।८६ |
| २.१ | नगद तथा बैंक मौज्दात | ५४७,३२०,८३७।७० | ५४९,९५७,७७९।३१ | २१०,०१३,०४९।५६ |
| २.२ | माग तथा अल्पसूचनामा प्राप्त हुने | - | - | - |
| २.३ | लगानी | १०,०००।०० | १०,०००।०० | २०,०१०,०००।०० |
| २.४ | कर्जा तथा सापट | ३,५२२,४४०,५१८।०० | ३,१८५,१९५,०६०।०० | २,५२५,३३८,०४२।०० |
| २.५ | स्थिर सम्पत्ति | १५,८९४,३८१।०२ | १६,९४६,९२८।३० | १६,००८,६०३।०१ |
| २.६ | गैर बैंकिङ सम्पत्ति | - | - | - |
| २.७ | अन्य सम्पत्ति | १३३,३३२,२०२।८८ | १३१,१९१,३११।४७ | ११३,३२३,४४९।२९ |
| ३ | **नाफा नोक्सान हिसाव** | **यस त्रैमास २०७२ चैत्र** | **गत त्रैमास २०७२ पौष** | **गत आ.व. २०७१ चैत्र** |
| ३.१ | ब्याज आम्दानी | ४५४,९४०,८९०।०० | २९३,९४४,४०९।०० | ३३३,६६३,३५९।८३ |
| ३.२ | ब्याज खर्च | ११४,३८७,८६२।२७ | ७६,०७१,१३०।६७ | ८९,४४७,४९९।०२ |
| क. | खूद ब्याज आम्दानी | ३४०,५५३,०२७।७३ | २१७,८७३,२७८।३३ | २४४,२१५,८६०।८१ |
| ३.३ | फि, कमिशन र डिस्काउण्ट | - | - | १६२,५३१।२० |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ४६,४९२,९३१।०२ | २८,२९८,५७२।६८ | ३०,१५१,८०२।०१ |
| ख | कूल सञ्चालन आम्दानी | ३८७,०४५,९५८।७५ | २४६,१७१,८५१।०१ | २७४,५३०,१९४।०२ |
| ३.५ | कर्मचारी खर्च | ९८,६७८,९१५।९६ | ६३,४३९,७६६।०७ | ७४,१९४,९७७।३९ |
| ३.६ | अन्य सञ्चालन खर्च | ३२,८३०,०६२।७६ | २०,८३९,६५५।९२ | २९,२८७,३९१।२६ |
| ग | नोक्सानी ब्यवस्था अघिको सञ्चालन नाफा | २५५,५३६,९८०।०३ | १६१,८९२,४२९।०२ | १७१,०४७,८२५।३७ |
| ३.७ | सम्भावित नोसानी ब्यवस्था | ५८,०७३,७७०।०० | ४१,२९५,२७६।०० | ९,६२०,८४५।०० |
| घ | सञ्चालन नाफा | १९७,४६३,२१०।०३ | १२०,५९७,१५३।०२ | १६१,४२६,९८०।३७ |
| ३.८ | गैर सञ्चालन आम्दानी/ खर्च (खुद) | - | - | - |
| ३.९ | सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | ४२,०९२,२९९।०० | १८,५८९,९०७।०० | ३,७३८,९५१।०० |
| ङ | नियमित कृयाकलापबाट नाफा | २३९,५५५,५०९।०३ | १३९,१८७,०६०।०२ | १६५,१६५,९३१।३७ |
| ३.१० | असामान्य कारोवारबाट भएको आम्दानी / खर्च ( खूद) | ४७,९३०।०० | १३,४३०।०० | ४१,२४४।०० |
| च | बोनस र कर अघिको नाफा | २३९,६०३,४३९।०३ | १३९,२००,४९०।०२ | १६५,२०७,१७५।३७ |
| ३.११ | कर्मचारी बोनस ब्यवस्था | २१,७८२,१३१।०० | १२,६५४,५९०।०० | १५,०१८,८३४।०० |
| ३.१२ | आयकर ब्यवस्था | ६५,३४६,३९२।०० | ३७,९६३,७७०।०० | ४५,०५६,५०२।०० |
| छ | खूद नाफा/नोक्सान | १५२,४७४,९१६।०३ | ८८,५८२,१३०।०२ | १०५,१३१,८३९।३७ |
| ४ | अनुपातहरू | **यस त्रैमास २०७२ चैत्र** | **गत त्रैमास २०७२ पौष** | **गत आ.व. २०७१ चैत्र** |
| ४.१ | पूंजीकोष / जोखिम भारित सम्पत्ति | १५।२६ | १४।७६ | १४।५८ |
| ४.२ | निष्कृय कर्जा/ कूल कर्जा | ०।७३ | २।४० | ०।३३ |
| ४.३ | सम्भावित नोसानी ब्यवस्था/ कूल निष्कृय कर्जा | १९५।८४ | ७४।३९ | ३७७।७३ |
| ४.५ | पूंजीको लागत | ५।२४ | ५।२२ | ५।३६ |
| ४.६ | निक्षेप कर्जा अनुपात | २९।६४ | ३०।१८ | २९।७४ |

नोटः सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखा परिक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ नियम २२ उपविनियम (२)संग सम्बन्धित अनुसुची १४ बमोजिमको**
**डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडको आ.व. २०७२/०७३ को तेस्रो त्रैमासिक बिवरण**

१. **प्रमुख वित्तीय बिवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब सम्बन्धी बिवरणः** यस बैंकको वासलात,नाफा-नोक्सान सम्वन्धि बिवरण यसैसाथ प्रकाशित गरिएको छ।

**ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू निम्न बमोजिम रहेको छ :-**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रू.५९।१२ | प्रति शेयर नेटवर्थ | रू.२१२।८८ |
| प्रति शेयर बजार मूल्य | रू.२,६००।०० | प्रति शेयर कुल सम्पतिको मूल्य | रू.१,६३५।७५ |
| मूल्य आम्दानी अनुपात | ४३।९८ | तरलता अनुपात | १५।४८ |

२. **व्यवस्थापकीय बिश्लेषण :**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी बिवरणः** कारोवारको बृद्धिसंगै संस्थाको मौज्दात, आम्दानी, र तरलतामा सकारात्मक रूपमा वृद्धि भएको छ।

**ख. आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक बिवरण** : बैंकको व्यवसायिक स्थिति योजना अनुरूप सन्तोषजनक रहेको छ । राष्ट्रिय स्तरको यस लघुवित्त विकास बैंकले हाल सम्म ४५ बटा जिल्लामा ७७ बटा शाखा मार्फत गुणस्तरीय सेवा प्रदान गरिरहेको साथै नयां कार्यक्रम बिस्तार गर्दा लघुबित्त सेवा नपुगेका क्षेत्र तथा जिल्लाहरूलाई प्राथमिकता दिईएको छ । बैकद्धारा प्रदान गरिने सेवाहरूलाई विविधिकरण गर्दै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय विप्रेषण सेवा तथा विमा सम्बन्धि सेवाहरू संचालन गरिनेछ । बैंकको आम्दानी तथा तरलता राम्रो रहेको छ साथै वार्षिक कार्ययोजना अनुरूप कार्यक्रम सञ्चालन भईरहेको छ। यस त्रैमासको अन्त्य सम्ममा बैंकले हासिल गरेको लक्ष तथा प्रगती निम्नानुसार रहेका छनः-

| बिबरण | यस त्रैमाससम्मको | | यस आ.व.को अन्त्यसम्मको |
|---|---|---|---|
| | लक्ष्य | प्रगती | लक्ष्य |
| कुल सदस्य संख्या | १,२९,०२० | १,१४,०६७ | १,३९,१०० |
| लगानीमा रहेको कर्जा | रू.३,५७,६७,२८,००० | रू.३,५७,३५,३९,४६१ | रू.३,८८,५६,०६,००० |
| कुल बचत तथा निक्षेप | रू.१,०५,८९,१०,००० | रू.१,०५,९३,०९,३३५ | रू.१,१६,७४,४४,००० |

**ग. बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक बिवरण** : देशमा गएको विनासकारी भुकम्प जस्ता दैवीविपत्तिहरू, विगत लामो समयदेखि भएको तराई आन्दोलन तथा नाकाबन्दी, ईन्धन समस्या, बाणिज्य बैंकहरूले लिने ब्याजदर, लघुवित्त संस्थाहरूमा देखिएको कर्जा दोहोरोपना आदि कारणले बैंकलाई असर पर्न सक्छ तथापी बैंकले तय गरेको कार्यनीति तथा व्यबस्थापनका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन । बैंकले भविष्यमा पनि तात्विक असर पार्न सक्ने घटना वा अबस्था आउन नदिन आबश्यक नीति नियमको तर्जुमा गरि अघि बढ्ने नीति लिएको छ।

३. **कानुनी कारवाही सम्वन्धि बिवरणः** यस त्रैमाससम्ममा यस बैंक तथा यसका सञ्चालकहरू माथि कानुनी कारवाही सम्वन्धि कुनै मुद्दा दायर भएको जानकारीमा आएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्वन्धि बिश्लेषण :**

**क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणाः** यस बैंकको शेयर कारोवार सम्वन्धमा शेयरको खरिदकर्ता र बिक्रेताबिच हुने स्वस्थ्य प्रतिस्पर्धामा बैंकले मूल्यमा असर पर्ने गरी कुनै भूमिका खेलेको छैन । बजारमा शेयरको कारोवार सन्तोषजनक रहेको छ।

**ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम , अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्याः** यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन र कारोवार संख्या निम्न बमोजिम छः-

(नेपाल स्टक एक्सचेन्जको वेभसाईटमा आधारित)

| अधिकतम मूल्य : | न्युनतम मूल्य : | अन्तिम मूल्य : | कारोवार भएको कुल दिन | कारोवार भएको कुल संख्या |
|---|---|---|---|---|
| रू.२,८९४ | रू.१७६६ | रू.२,६०० | ५६ | १,८७,३५७ |

५. **समस्या र चुनौती :**

**क.** संख्यात्मक रूपमा बृद्धि भएको वित्तीय संस्थाहरूको शाखा बिस्तारले लघुवित्त क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा ।

**ख.** प्राकृतिक बिपत्तिबाट (भुकम्प तथा बाढी पहिरो ) सृजना भएको चुनौती ।

**ग.** देशमा भईरहेको आन्दोलन, बन्द हड्ताल तथा ईन्धन अभावले ल्याउने चुनौती ।

६. **संस्थागत सुशासनः** बैंकको संस्थागत सुशासनका लागि कम्पनीको लेखापरीक्षण समिति, संचालक समिति, जोखिम ब्यवस्थापन समिति कर्मचारी सम्बन्ध समिति लगायत बिभिन्न आन्तरिक समिति तथा उप-समिति मार्फत कम्पनीको ब्यावसायिक योजना तथा कार्यक्रमको नीति तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन हुदै आईरहेको छ । बैंकका सञ्चालक र कर्मचारीहरू नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको संस्थागत सुशासन सम्वन्धि निर्देशनहरू पालना गर्न सदैव प्रतिवद्ध रही कार्य गरिरहेका छन् ।

७. **सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** आजको मितिसम्ममा यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्वन्धमा म ब्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्णछन् । लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाईएको छैन ।